# सार्वजनिक सुनुवाइ कार्यक्रम २०७५ कार्य सम्पन्न प्रतिवेदन

पृष्ठभूमी :

स्थानीय सरकारले १ बर्ष सम्म सञ्चालन गरेका गतिविधीहरुको मुल्याङ्न गर्दै जनताका प्रतिनिधी तथा कर्मचारी प्रति सिंगो गाउँपालिकाको धाँरणा बुझ्नको लागी आ.ब. ०७४/०७५ को अन्तिम महिना असारमा सम्बन्धित वार्डको आयोजनामा फाल्गुनन्द गाउँपालिकाका ७ वटै वडामा सार्वजनिक सुनुवाइ सम्पन्न भयो । गाउँपालिकाको सेवा प्रवाह शुसासन संग सम्बन्धित कार्यक्रममा जनप्रतिनिधीहरु, कार्यालयका प्रमुख, अन्य कर्मचारी साथै विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधीहरुले जनताका जिज्ञासाको समाधानको प्रयास गर्नुभएको थियो ।

सेवा प्रवाहमा भएका समस्या, विकास निर्माणको कामका विषयमा भएका ढिलासुस्ती, अनियमितता लगायतका विषयमा सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका सवालहरुले स्थानिय सरकारको बार्षिक मुल्याङ्कन समेत गरेको थियो ।

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. १

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| १ | नवमिडाँडा बजार | २०७५ साल असार २३ गते | वडा अध्यक्ष होम आङदेम्बे, निर्वाचत वडा सदस्यहरु ४ जना, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, इन्जिनियर पूर्ण आङदेम्बे, वडा सचिव प्रदिप थापा, गा.पा. स्तरिय कृषि शाखा प्रमुख ललिता राइ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब ५० जना सेवाग्राही र सरोकारवालाहरु | • स्वास्थ्य संस्थाले पटक पटक माग गर्दा समेत औषधी नपाएको ।<br>• गाउँपालिका अध्यक्ष र उपाध्यक्षको अनुपस्थितीको विषयमा चर्को आलोचना भएको ।<br>• सेवा लिन कार्यालय पुग्दा, लालिम सञ्चालन भैरहेको त्यहाँ करेन्ट भएको तर जनतालाई सेवा दिन करेन्ट नभएको गुनासो उपभोक्ता बाट<br>• शिक्षा नियमावली लगायतका विषयमा सरोकारवाला र विषय विज्ञ संग परामर्श गर्न आवश्यक रहेको<br>• सामाजिक विकास अर्न्तगतका कार्यक्रमहरु आँखामा छारो हाल्ने प्रकारका मात्रै रहेको गुनासो<br>• निजी शिक्षकको तलवको विषयमा गुनासो उठेको<br>• विजुलीको पोल र खानेपानी पाइप कहिले आइपुग्छ ? भन्ने प्रश्न ।<br>• वचत तथा ऋण सहकारीलाई सहयोग चाहियो ।<br>• एकल महिलाका लागी कार्यक्रम चाहियो ।<br>• सामुदायिक पशु सेवा कार्यालयमा नाइट्रोजन नभएको र एक गाउँ एक प्राविधिक चाहियो<br>• योजना सञ्चालनको क्रममा भ्याटविलको अन्यौलता बारेमा जिज्ञाशा उठेको । |

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. २

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| २ | वडा कार्यालय इम्बुङ | २०७५ साल असार २२ गते | वडा अध्यक्ष बहादुर सिं नेम्वाङ, निर्वाचत वडा सदस्यहरु २ जना, गाउँकार्यपालिका सदस्य बन्दना सेलिङ रम्तेल, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, इन्जिनियर पूर्ण आङदेम्बे, वडा प्राविधिक केसब आचार्य, गा.पा. स्तरिय पशु शाखा प्रमुख विष्णु राइ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब ४५ जना सेवाग्राही र सरोकारवालाहरु | • वडा सचिव नभएका कारण जनताले सेवा लिन कठिनाइ भोग्नु परेको गुनासो ।<br>• स्वास्थ्य माग गर्दा समेत औषधी नपाएको ।<br>• गाउँपालिका अध्यक्ष र उपाध्यक्षको अनुपस्थितीको विषयमा आलोचना भएको ।<br>• स्वास्थ्यको क्षेत्रमा इम्बङलाई नमुना बनाउन अस्पताल भवनको माग भएको ।<br>• निजि शिक्षकलाई तलव खुवाउने समस्या रहेको विषय उठान भएको ।<br>• विद्यालयमा दरबन्दि नभएको गुनासो उठान ।<br>• योजना सम्झौता तथा भुक्तानीको प्रकृयामा कठिनाइ भोग्नु परेको गुनासो ।<br>• गाउँपालिका को केन्द्र को विषय छिटो टुङ्ग्याउनु पर्ने धाँरणा उठेको । |

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. ३

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| ३ | वडा कार्यालय पौवासारताप | २०७५ साल असार २२ गते | गाउँपालिका अध्यक्ष : अमरकुमार नेम्वाङ<br>वडा अध्यक्ष सुखविर नेम्वाङ, निर्वाचत वडा सदस्यहरु ३ जना, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, इन्जिनियर पूर्ण आङदेम्बे, वडा सचिव रविन्द्र विक्रम नेम्वाङ, वार्ड प्राविधिक शान्तीराम घिमिरे गा.पा. स्तरिय पशु शाखा प्रमुख विष्णु राइ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब ३५ जना सेवाग्राही र सरोकारवालाहरु | • उपभोक्ता समिति गठनका प्रकृयाका विषयमा नितिगत कुरामा अनविज्ञता रहेको ।<br>• उपभोक्ता समितिलाई धेरै दुख दिइएको, भ्याउदिन, ब्यस्त छु भन्ने जस्ता जवाफ कर्मचारिले दिने गरेको ।<br>• सरकारी गाडीको दुरुपयोग भैरहेको आरोप ।<br>• वार्ड र गाउँपालिका विचको अर्न्तसम्बन्ध कायम हुन नसकेको उपभोक्ताको बुझाइ रहेको ।<br>• सरोकार वाला सबैलाई खबर नगरी एकलौटी तर्फबाट बालबालिकाको रकम खर्च गरिएको ओरोप ।<br>• विजुलीको पोल र खानेपानी पाइप कहिले आइपुग्छ ? भन्ने प्रश्न ।<br>• कठिनाइ भोग्नु परेको गुनासो ।<br>• गाउँपालिका को केन्द्र को विषय छिटो टुङ्ग्याउनु |

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. ४

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| ४ | वडा कार्यालय चिलिङदिन | २०७५ साल असार २५ गते | गाउँपालिका उपाध्यक्ष : देवित्राकुमारी आङदेम्बे, वडा अध्यक्ष मनबहादुर चेम्जोङ, निर्वाचत वडा सदस्यहरु ३ जना, गाउपालिका सदस्य भगिरथ विश्वकर्मा, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, वडा सचिव पञ्चराज नेम्वाङ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब २५ जना सेवाग्राही र सरोकारवालाहरु | ● वार्डबाट पारित योजनाहरु पालिका बाट किन परिवर्तन भयो ? भन्ने प्रश्न<br>● स्वास्थ्यमा औषधी नभएको प्रति चर्को टिप्पणी ।<br>● गाउँपालिकाको सेवा प्रवाहमा राजनितिक पुर्वाग्रह रहेको आरोप ।<br>● उपभोक्ता समिति गठनका प्रकृयाका विषयमा नितिगत कुरामा अनविज्ञता रहेको ।<br>● पालिकाका कर्मचारिले योजना सञ्चालन तथा अनुगमनको कममा दुख दिएको ।<br>● वडा र गाउँपालिकाविचको सञ्चारमा कमी भएको ।<br>● प्राविधिकहरुले योजना फरफारक गर्न चिया खाने पैसा माग्ने गरेको आरोप लागेको ।<br>● प्रभावकारी अनुगमन विनानै योजनाको भुक्तानी दिइएको ।<br>● वडा आफैले पोल तथा पाइप खरिद गर्न सक्ने भन्दै पालिकाले अनियमितता गर्न आफैले खरिद गर्न खोजेको आरोप ।<br>● आगामी आर्थिक बर्षको लागी किन कम बजेट विनियोजन भयो ? भन्ने प्रश्न उठेको । |

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. ५

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| ५ | वडा कार्यालय फाक्तेप | २०७५ साल असार २५ गते | गाउँपालिका उपाध्यक्ष : देवित्राकुमारी आङदेम्बे, वडा अध्यक्ष अविन्द्र प्रसाद चेम्जोङ, गाउँपालिका प्रवक्ता दानबहादुर अधिकारी, निर्वाचत वडा सदस्यहरु २ जना, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता, पशु सेवा शाखा प्रमुख विष्णु राइ, कृषि शाखा प्रमुख ललिता राइ, वडा | ● कृषि भ्रमणमा गैर कृषकहरुलाई छनौट गरेको आरोप ।<br>● गरिवलाई वितरण गर्ने सामाग्री एकलौटी ढंकबाटे वितरण गरिएको आरोप । छनौटका आधारहरु के के भन्ने विषयमा चर्को कुरा उठेको ।<br>● कृषि क्षेत्रमा पर्याप्त सहयोग नभएको आरोप ।<br>● सामुदायिक वनलाई सहयोगको अपेक्षा ।<br>● याम्बाबुङ सडकलाई एउटै आयोजनालाई २ पल्ट बजेट खर्चेको आरोप ।<br>● स्वास्थ्यमा औषधी तथा कर्मचारी अभाव भएको गुनासो<br>● आदिवासी जनजाती लक्षित कार्यक्रम प्रभावकारी नभएको टिप्पणी , |

| | | | | |
|---|---|---|---|---|
| | | | सचिव टिकाध्वज नेम्वाङ लगायत, करिब ७० जना सेवाग्राही र राजनितिक दलका प्रमुख प्रतिनिधी सहित सरोकारवालाहरु | • पालिकाका कर्मचारीले प्रवाह गर्ने सेवा प्रति सन्तुष्टि प्रकट ।<br>• पाइप र पोल कहिले आइपुग्छ ? भन्ने प्रश्न<br>• उपभोक्त समिति गठन समेत राजनितिक पुर्वाग्रहको आधारमा गरिने गरेको गुनासो । |

## वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. ६

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| ६ | श्री जयनारायण आदर्श मावि मेहेलबोटे | २०७५ साल असार २४ गते | वडा अध्यक्ष नारायण प्रसाद आङदेम्बे, निर्वाचत वडा सदस्यहरु ३ जना, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, वडा सचिव जय ब. तामाङ, गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब २०० जना सेवाग्राही र राजनितिक दलका प्रमुख प्रतिनिधी सहित सरोकारवालाहरु | • पालिका पुग्दा कर्मचारीहरु मोवाइल खेलाएर बस्ने तर सेवाग्राहीको काम नगर्ने गरेको आरोप ।<br>• उपभोक्ता समिति गठनका प्रकृयाका विषयमा नितिगत कुरामा अनविज्ञता रहेको ।<br>• स्थानिय स्वास्थ्य संस्थाको सेवा प्रवाह प्रति सर्बसाधारणको ब्यापक गुनासो । एकैपल्ट सबै कर्मचारी विदा बस्था स्वास्थ्य सेवा प्रभावित भएको टिप्पणी ।<br>• स्वास्थ्य संस्थामा खोपको इन्जेक्सन, औषधी लगायत नभएको गुनासो ।<br>• नवनिर्मित बर्थिङ सेन्टर नाम मात्रको होलाकी भन्नेमा चिन्ता ब्यक्त ।<br>• वार्डले प्रवाह गरेको सेवा प्रति सरोकारवाला सन्तुष्ट रहेको । |

# वार्ड स्तरिय सार्वजनिक सुनुवाइ कार्यक्रमको झलक वार्ड नं. ७

| वार्ड न. | सार्वजनिक कार्यक्रम आयोजना भएको स्थान : | मिति : | उपस्थिती : | उठेका मुख्य सवालहरु : |
|---|---|---|---|---|
| ६ | श्री ज्योती मावि को भवन | २०७५ साल असार २४ गते | वडा अध्यक्ष लिला बल्लभ नेपाल, निर्वाचत वडा सदस्यहरु ४जना, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा, योजना तथा प्रशासन शाखा प्रमुख राजेन्द्र भटराइ, वडा सचिव निर्मल अधिकारी गा.पा. स्वास्थ्य शाखा प्रमुख जिवछ प्रसाद गुप्ता लगायत, करिब ५० जना सेवाग्राही र राजनितिक दलका प्रमुख प्रतिनिधी सहित सरोकारवालाहरु | ● वाल शिक्षा र कार्यालय सहयोगीको निकासा कहिले हुन्छ ?<br>● विद्यालयबलाई आवश्यक सामाग्री विद्यालयले सोझै खरिद गर्दा हुदैन र किन गापा बाट खरिद गरेर दिइयो ?<br>● बजेट विनियोजन समानुपातिक र क्षेत्रगत नभएको लिम्बूवान सम्बद्ध दलको टिप्पणी<br>● थुम्के खोला खानेपानी आयोजनाको रकम किन रकमान्तर भयो ?<br>● रेविजको भ्याक्सिन चाहियो ।<br>● कृषिको विउ अर्न्तगत धानको विउ किन ढिलो मात्र पाइयो ?<br>● सर्बदलिय संयन्त्र संग छलफल गरेर मात्रै आयोजनाको उपभोक्ता समिति गठन गरियोस भन्ने अपेक्षा ।<br>● उपभोक्ता समिति गठनका प्रकृयाका विषयमा नितिगत कुरामा अनविज्ञता रहेको भन्दै प्रभावकारी सञ्चार गर्न अनुरोध । |

निष्कर्श : सात वटा वडामा सर्बजनिक सुनुवाइको लागी पुग्दै गर्दा जनताले उठाएका जिज्ञाहरुले समग्रमा स्थानिय सरकारको १ बर्षको मुल्याङ्कन गरेको छ । सेवा प्रवाहलाई प्रभावकारी बनाउदै सुसासन कायम गर्न जनताका गुनासोको उचित सम्बोधनको प्रयास गर्दै आगामी दिनमा जनप्रतिनीधी र कर्मचारी जिम्मेवार रुपमा प्रस्तुत हुन जरुरी देखिएको छ ।   जनता संगको अर्न्तसम्वाद कार्यक्रमलाई प्राथमिकतामा राखेर सञ्चालन गर्न आवश्यता महशुष भएको छ । गत आर्थिक बर्षमा सञ्चालन भएका सम्पूर्ण योजनाहरुको समिक्षात्मक रुपमा छलफलको आवश्यकता प्रष्टिएको छ । स्वास्थ्य संस्था जस्तो संवेदनशिल विषयमा भएका कमी कमजोरीलाई पुर्ण रुपमा अन्त्य गर्न जरुरी देखिएको छ । कतिपय स्थानमा राजनितिक आग्रह र पुर्वाग्रहको अवस्था उपभोक्ता समितिमा समेत पाइएकोले सिंगो गाउँपालिकाको समृद्धिको लागी निर्वाचित जनप्रतिनिधीहरु राजनितिक आग्रह र पुर्वाग्रह बाट टाढा रहनु पर्ने अवस्था सृजना भएको महशुष भएको छ । सेवा प्रवाहमा कर्मचारीले समेत आफुमाथी उठेका टिका र टिप्पणीलाई ध्यान दिदै आत्म मुल्याङन गरेर सेवा प्रवाहमा ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ ।

अन्त्यमा सार्वजनिक सुनुवाइ जस्तो महत्वपूर्ण कार्यक्रममा तपाइहरु माथिका गुनासा र टिका टिप्पणी जनतासम्म पुगेर सोधिदिने र तपाइहरुलाई जनताको कठघरामा उभ्याउने जिम्मेवारी दिनुहुने गाउँपालिका अध्यक्ष अमरकुमार नेम्वाङ, उपाध्यक्ष देवित्राकुमारी आङदेम्बे, प्रमुख प्रशासकिय अधिकृत सुन्दर वान्तवा लगायत सिंगो गाउँपालिका परिवार प्रति आभार व्यक्त गर्दछु ।

खविन लुइटेल

प्रेश सल्लाहकार फाल्गुनन्द गाउँपालिका, पाँचथर